राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक ८३ श्रेणी 'क' २०७२ पुस ८ गते बुधबार 22 Dec. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

**जिल्ला विकास समिति, कास्की**
वैदेशिक रोजगारीका लागि सुरक्षिक आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

**खुशीको खबर !!!**
योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## कांग्रेसमा क्याम्प परिवर्तनको लहर

### पार्टी महाधिवेशनका सन्दर्भमा नेताहरु आ-आफ्नो ठाउँको खोजीमा

**नारायण अमृत**
**काठमाडौं ७ पुस ।**

'मैले धेरै बोल्नै पर्दैन, कांग्रेस नेतृत्व असफल भयो भन्ने हामी सबैलाई थाहा छ,' उपसभापति रामचन्द्र पौडेलले आसन्न १३औं महाधिवेशनको सन्दर्भमा बोल्दै सभापति सुशील कोइरालाको आलोचना गरिरहँदा एउटै मञ्चमा रहेका वरिष्ठ नेता शेरबहादुर देउवाले मुस्कुराउँदै पटक-पटक टाउको हल्लाए । अघिल्लो साता आयोजित प्रजातान्त्रिक इन्जिनियर्स एसोसिएसनको कार्यक्रममा उपसभापति पौडेल भन्दै थिए, 'अब पार्टीको नेतृत्व परिवर्तन हुनुपर्छ । म पनि पार्टीमा लामो समयदेखि योगदान दिइरहेको छु । साथीहरू के भन्नुहुन्छ ?' सभापतिका प्रत्याशी देउवा त खुलेरै आफ्नो अभियानमा लागिसकेका छन् भने वर्तमान सभापति सुशील कोइराला पनि यसका लागि भित्रभित्रै सक्रिय छन् । यसपटक पौडेलले उम्मेदवारी दिएमा पार्टीभित्रको गणित पहिले-पहिलेको भन्दा फरक हुनेछ । सभापतिमै तीन जना उम्मेदवारको भिडन्त देखिनेछ ।

आगामी २०-२३ फागुनमा राजधानीमा हुने कांग्रेस महाधिवेशनबाट पार्टीमा आफ्नो रोजाइका स्थान सुनिश्चित गर्न दोस्रो तहका अन्य नेताहरू पनि भरमग्दुर कसरतमा छन् । जस्तो १२औं महाधिवेशनमा प्रत्यक्ष रूपमा महामन्त्री पदमा जितेका प्रकाशमान सिंह पार्टीले महाधिवेशनका लागि तोकेको भदौको मितिअघि आफू पनि सभापतिको उम्मेदवार भन्दै हिँडेका थिए तर अहिले भने मौन रहेर भित्रभित्रै चेसको चाल चलिरहेका छन् । सांगठनिक र राजनीतिक क्षमताका कारण भन्दा बढी सर्वोच्च नेता गणेशमान सिंहको पुत्र हुनुको पर्याप्त फाइदा उठाइरहेका महामन्त्री सिंह यसपटक संस्थापन पक्षबाट सके पुनः महामन्त्रीको उम्मेदवार, नसके उपसभापति बन्ने दाउमा देखिन्छन् । त्यसका लागि उनले सभापति कोइरालाका भित्रियाहरूसँग कुरा राखिसकेको स्रोतको दाबी छ । नेता सिंहलाई पनि राम्ररी के थाहा छ भने संस्थापन पक्षले यसपटक एउटै पदका आकांक्षीहरूका कारण दबाब महसुस गरिरहेको छ । त्यसको असर उनको आकांक्षामा पनि पर्ने निश्चित छ । संविधान निर्माणमा पार्टीका तर्फबाट सबैभन्दा बढी क्रियाशील भएका महामन्त्री कृष्ण सिटौला 'क्याम्प' परिवर्तन गरी देउवा पक्षमा लाग्ने समाचारसँगै उनी सबैका लागि चासोको विषय बनेका छन् । अन्तरमुखी स्वभाव र समकालीनहरूलाई छिर्के हान्न माहिर राजनीतिक खेलाडी मानिने सिटौलाले यतिबेला पार्टीमा आफ्नो स्थान तय गर्न संस्थापन र देउवा पक्षसँग समानान्तर रूपमा अन्तरक्रिया गरिरहेका छन् । 'अहिल्यै निर्णय गर्ने बेला भइसकेको छैन,' उनी पनि पार्टीभित्र आफ्नो महामन्त्रीको भूमिकालाई निरन्तरता दिन चाहन्छन् ।

१२औं महाधिवेशनमा सदस्य जितेका सिटौला पछि मनोनीत महामन्त्री भए । तर, अहिले उनी प्रत्यक्षबाट सोही पदमा रहिरहने योजनामा देखिन्छन् । गत असोजमा सदनमा भएको प्रधानमन्त्रीको निर्वाचनमा कांग्रेसले हात उठाउनुपर्ने मत राखेदेखि सभापति कोइरालासँग सम्बन्ध चिसो भए पनि उनले कोइरालाका भित्रियाहरूसँग आफ्नो भूमिकालाई पार्टीले अवमूल्यन गर्न नहुने गुनासो गरिरहेकै छन् । 'उहाँ एक हिसाबले बार्गेनिङकै चरणमा हुनुहुन्छ, देउवातिर लागेर पद सुनिश्चित हुने अवस्था नभएसम्म खुल्नुहुन्न,' सभापति कोइरालानिकट एक केन्द्रीय सदस्य भन्छन् । उनका अनुसार सिटौलाले 'सभापतिमा उठ्छु' भन्दै हिँडिरहेका रामचन्द्र पौडेलले बनाएको नयाँ समूहसँग पनि नियमित कुराकानी गरिरहेका छन् । विकसित घटनाक्रम त के भने नेता पौडेलले सिटौलासँग मात्र होइन, उता मौजुदा गुटहरूसँग असन्तुष्ट भएका विमलेन्द्र निधि, चित्रलेखा यादव, खुमबहादुर खड्का, शेखर कोइराला, अर्जुननरसिंह केसी र आमोदप्रसाद उपाध्यायजस्ता नेतालाई एक ठाउँमा ल्याएर नयाँ शिराबाट राजनीति गर्न सकिन्छ कि भनेर प्रयास पनि गरिरहेका छन् । यो प्रयासले खास आकार लियो भने आसन्न महाधिवेशनको परम्परागत गुटीय जोडघटाउ प्रभावित हुने निश्चित छ । यसले गुटबाट उछिट्टिएका र यो क्रममा रहेका कतिपय नेतालाई 'फेस सेभिङ'को सहज अवस्था सिर्जना गरिदिएको छ । जस्तो स्व विमलेन्द्र निधि र चित्रलेखा यादवले देउवा पक्षसँगको सामीप्य तोडेर पार्टीभित्रै नयाँ भूमिकाको खोजीका लागि यही प्रक्रिया एउटा बहाना बनिदिएको छ । अघिल्लो महाधिवेशनमा महामन्त्री पदमा पराजित नेता निधि वरिष्ठ नेता देउवा पक्षका एउटा महत्त्वपूर्ण पिलर मानिन्थे । मधेसका मुद्दामा नेता देउवासँग दूरी बढेपछि निधि र कोषाध्यक्ष यादव बिस्तारै संस्थापन पक्षसँग जोडिनरभित्रिन तम्तयार देखिएका छन् । तर, दुवै नेताले मुख नखोले पनि उनीहरूको बूढानीलकण्ठ आवतजावत बन्द भइसकेको छ । निधि भन्छन्, 'अबको महाधिवेशनमा यही नै पदमा लडिन्छ भन्ने प्रस्ट भइसकेको छैन ।' कांग्रेसमा अघिल्लो पुस्ताका अग्रणी नेता महेन्द्रनारायण निधिका पुत्र विमलेन्द्रलाई संस्थापनमा जोडिँदा पनि उनले अपेक्षा गरेको पद सहज रूपमा हात लाग्ने अवस्था भने छैन । किनभने, उनी पनि महामन्त्री पदमा नै उम्मेदवारी दिन चाहन्छन् । त्यसै गरी यसअघि नै पदाधिकारी सूचीमा दर्ज भइसकेकी र यसअघिको सरकारमा शिक्षामन्त्री हुँदा गतिलो छवि बनाउन नसकेकी कोषाध्यक्ष यादवका लागि भने यही पद भन्ने आशा छैन तर उनी महिला सहभागिताका रूपमा पदाधिकारीको सुहाउँदो स्थानमा आफ्नो भूमिका निरन्तर होस् भन्ने पक्षमा छिन् ।

कांग्रेसभित्रका कतिपय नेता पार्टीको विधान संशोधन हुन्छ कि हुन्न, या भयो भने कुन रूपमा होला भनेर चनाखो भइरहेका देखिन्छन् । यसको कारण पनि आफ्नो स्थान र भूमिकाको निश्चितताका लागि हो । उनीहरूमध्ये केहीले त संगठन विभाग प्रमुख आनन्द ढुंगानाको संयोजकत्वमा बनाइएको विधान संशोधन समितिलाई आफू अनुकूल विधान संशोधनको प्रस्ताव लैजान लबिङसमेत गरिरहेका छन् । 'स्वाभाविक रूपमा नेताहरूले पार्टीमा आफ्नो ठाउँ होस् भन्छन् तर यो सबै विधि र प्रक्रियाले मात्र तय गर्ने हो,' समितिका संयोजक ढुंगाना भन्छन्, 'कसैलाई कुनै पद दिने या नदिने भन्नुभन्दा पनि उसको भूमिकाको कदर पार्टीले गर्ने हो । नेता छानिने पनि प्रक्रियाबाट हो ।' खास गरी कांग्रेसभित्र केही महिला नेतृ र केही युवा नेताहरूलाई पार्टीविधान संशोधनप्रति बढी चासो छ । जस्तो स्व उपसभापतिको संख्या बढाएर त्यहाँ महिलाको अनिवार्य प्रतिनिधित्वको विषय तय भयो भने त्यसमा पूर्वसभापति तथा पूर्वप्रधान मन्त्री गिरिजाप्रसाद कोइराला-पुत्री सुजाता कोइराला र वर्तमान कोषाध्यक्ष यादवको सरोकारको पद सिर्जना हुन सक्छ । राजनीतिक कौशलभन्दा विरासतका कारण कांग्रेस राजनीतिमा स्थान र भूमिका बनाइरहेकी सुजाताले गएको साउनअघि नै 'सुशील कोइराला सभापतिमा नउठे म त्यो पदमा उम्मेदवारी दिन्छु' भन्दै बार्गेनिङ गरिरहेकी छन् । भाषण र कार्यकर्ता भेटघाटमा जेजस्ता कुरा गरे पनि उनको लक्ष्य भनेको विधान संशोधन भएमा उपसभापति हो भने नभएमा पदाधिकारी तहको जुनसुकै पद पाए पनि हुन्छ भन्ने हो ।

सभापति सुशील कोइरालाले बीपी कोइराला-पुत्र सशांक कोइरालालाई पार्टी राजनीतिको अग्रपंक्तिमा ल्याउने सुइँको पाएका सुजाता र शेखर कोइरालाई एक प्रकारको बैचनी पैदा हुनु

बाँकी २ पृष्ठमा......

## युवाहरु व्यस्त

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**

लोकसेवा आयोगले यस वर्ष ठूलो संख्यामा शाखा अधिकृत तहमा विज्ञापन माग गरेपछि कतिपय युवा तयारीमा व्यस्त छन् । यसैक्रममा पश्चिमाञ्चललाई केन्द्रित गरी साकार एकेडेमी पोखरा र चैतन्य इन्स्टिच्युट अफ म्यानेज्मेन्ट काठमाडौंको संयुक्त आयोजनामा शाखा अधिकृत पदको लागि विशेष तयारी कक्षा सुरु हुँदैछ ।

जनप्रिय बहुमुखी क्याम्पसको व्यवस्थापनमा आगामी पुस १० देखि १५ गतेसम्म हुने उक्त तयारी कक्षामा प्रथम चरणको पाठ्यक्रममा केन्द्रित रही कक्षा संचालन हुने साकार एकेडेमीका प्रबन्ध निर्देशक राजेन्द्र पौडेलले जानकारी दिए । उनका अनुसार उक्त कक्षामा १ सय ५० जना विद्यार्थी सहभागी गराइ विषयविज्ञले प्रशिक्षण दिने छन् । यसअघि पनि पोखरामा साकार एकेडेमी पोखरा र चैतन्य इन्स्टिच्युट अफ म्यानेज्मेन्टको संयुक्त आयोजना तथा सामान्य प्रशासन मन्त्रालय र यूएनडीपीको सहयोगमा शाखा अधिकृत पदको नि:शुल्क अभिमुखीकरण कक्षा सम्पन्न भैसकेको थियो । लोकसेवा आयोगले यस वर्ष समावेशीसहित झण्ड ६ सय पदमा विज्ञापन गरेको छ । प्रथम चरण उत्तीर्णपछि मात्र अन्य चरणमा प्रशिक्षार्थी सहभागी हुन पाउने व्यवस्था छ ।

## मधेशी मोर्चासंग निर्णायक वार्ता छिट्टै-राई

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**



नेपाल सरकारका सूचना तथा सञ्चार प्रविधि मन्त्री शेरधन राईले अबको केही दिनमै देशले निकास पाउने दाबी गरेका छन् । प्रेस चौतारी कास्कीले मंगलबार पोखरामा गरेको पत्रकार भेटघाट कार्यक्रममा मन्त्री राइले आन्दोलनरत मधेसी मोर्चासँग अब निर्णायक वार्ता हुने र केही दिनमै सहमति जुट्ने दावी गरे । सरकारका प्रवक्तासमेत रहेका मन्त्री राईले मिति, समय र स्थान तोकेर सरकारले निर्णायक वार्ताको आह्वान गर्ने बताए । 'काठमाडौं वा तराई जुनसुकै ठाउँमा पनि वार्ता हुन सक्छ' उनले भने,-'अबको वार्ता निर्णायक हुन्छ, वार्ता काठमाडौं वा तराई, मधेस जहाँ पनि हुनसक्छ, तर त्यो वार्ता सहमतिमा नपुगुन्जेल जारी रहन्छ ।' उनले काठमाडौंमै वार्ता भएपनि अबको वार्तामा मधेसी मोर्चा सहभागी हुने विश्वास समेत व्यक्त गरे । मधेसी मोर्चा अबको निर्णायक वार्तामा नआए सरकार चुप लागेर नबस्ने उनले चेतावनी दिए । उनले भने,-'मधेशी मोर्चा अबको निर्णायक वार्तामा बस्छ, यदि बसेन भने सरकार चुप लागेर बस्दैन, संविधान र कानून अनुसार अगाडि बढ्छ ।' सञ्चार मन्त्री राईले हाल जारी भएको संविधान संसारकै उत्कृष्ट भएको दाबी गर्दै यसले कसैलाई पनि विभेद नगरेको स्पष्ट पारे । संविधानको स्वागत र अस्वीकार गर्ने दुई कोणबाट हेरिएको भन्दै अस्वीकार गर्ने पक्षले विलकुलै गलत, नाजायज मनसायबाट भ्रम फैलाएकाले यसलाई चिर्न सरकारले 'जनताको संविधान, जनताकै माझमा' एक महिने अभियान सञ्चालन गरिरहेको जानकारी दिए । सञ्चारमन्त्री राईले भूकम्पपीडित जनतालाई राहत दिन तत्काल पुनर्निर्माण प्राधिकरण गठन हुने जानकारी दिए । उनले यो वा त्यो बहानामा छिमेकी राष्ट्रसँग सम्बन्ध बिगार्ने पक्षमा सरकार नरहेको स्पष्ट पारे । नाकाबन्दी खुलेपछि सरकार नयाँ ढंगले सन्धि सम्झौता तथा व्यापार सम्झौता पुनरावलोकन गर्ने पक्षमा रहेको भन्दै मन्त्री राईले सञ्चार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले अबको मन्त्रिपरिषद बैठकले सञ्चार नीति पुनरावलोकनका लागि एउटा उच्चस्तरीय समिति बनाउने जानकारी दिए । सो समितिलाई तीन महिनाको समय दिएर काम गर्न दिइने उनले बताए । मन्त्री राईले अबको दुई महिना भित्रमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य शुरु हुने जानकारी दिए । उनले प्रदेश नम्बर ४ लाई उत्तरी छिमेकी राष्ट्रसँग जोड्न उत्तरी कोरला नाका सञ्चालन गर्न सरकारले तयारी गरेको बताए ।

प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामजी प्रसाद लम्साल र सचिव अर्जुन गिरीले पनि बोलेका थिए ।

## 'कांग्रेसलेमात्र मुलुकको समस्या हल गर्न सक्छ'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**

नेपाली काँग्रेसका आमन्त्रित केन्द्रीय राम्जी कुँवरले देशमा भईरहेको समस्या नेपाली काँग्रेलेमात्र हल गर्न सक्ने ठोकुवा गरेका छन् । ओली सरकार समस्या समाधान गर्नतर्फ उन्मुख नभई समस्या थप्न केन्द्रीत भएको आरोप समेत लगाए । नेपाल ट्रेड युनियन काँग्रेस जिल्ला समिति कास्कीद्वारा ओयोजित व्यवसाय जन्य स्वास्थ्य सुरक्षा प्रशिक्षण कार्यक्रममा बोल्दै नेपाल ट्रेड युनियन काँग्रेस राष्ट्रिय समितिका वरिष्ठ उपाध्यक्ष समेत रहेका कुँवरले देशको राजनीति नेपाली काँग्रेसकै केन्द्रमा घुमिरहेको वताए । जिल्ला अध्यक्ष कुलदेवी बरालको अध्यक्षतामा भएको नाई पेशामा आवद्ध रहेका व्यवसायीलाई प्रशिक्षण कार्यक्रममा नेपाली काँग्रेस कास्कीका पार्टी सचिव कृष्ण केसीले पेशागत सुरक्षा, मर्यादित र अनुशासित बनाउँदै लैजान नाई पेशाकर्मीलाई अनुरोध गरेका थिए । पार्टीको १३ औं महाधिवेशनलाई इङ्गित गर्दै पार्टी वैज्ञानिक ठंगबाट चल्न आवश्यक भएको भन्दै लाभको पद भन्दा जनताको सेवामा समर्पितले मात्र दीगो स्थायीत्व हुने बताए । नेपाल ट्रेड युनियन काँग्रेस जिल्ला सचिव केशवराज भट्टराईको सञ्चालन र जिल्ला सदस्य केदार धमलाको स्वागत मन्तव्यमा भएको कार्यक्रममा प्रमुख प्रशिक्षक मित्रप्रसाद अर्याल रहेका थिए । सो प्रशिक्षण कार्यक्रममा नेपाल ट्रड युनियन काँग्रेस पश्चिमाञ्चल अध्यक्ष मुरारी शर्माले सिकेका सीपलाई व्यवहारमा उतार्न नाई पेशा

बाँकी अन्तिम पृष्ठमा......

**शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी**
**काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा**

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच : २०७२ पुस ११ गते शनिबार
समय : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
**परिचित मेडिकल हल**
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

**कोरियन भाषामा भर्ना खुल्यो**

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

ग्रुपमा आउनेलाई विशेष छुट

सम्पर्क
**प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट**
न्यूरोड, पोखरा (पूर्णिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसगै)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६०७७६१९

**तुरुन्त आवश्यकता**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | संख्या |
| --- | --- | --- |
| १. | वेटर | केही |
| २. | डिसवासर | केही |

पारिश्रमिक : आकर्षक तथा आपसी सम्झदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

**BABIN TAILORING**
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?
तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

**बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग**

DIGJAM Ashvira OCM Raymond



■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। - सेक्सपियर

## सम्पादकीय . .

# लोडसेडिङ सास्ती कहिलेसम्म ?

मौकामा हीरा फोर्नु बेमौकामा कौडी नछुनु भन्ने लोककथा आज निक्कै सान्दर्भिक हुदै गइरहेकोछ। एकातिर लोडसेडिङको मार, अकार्तिर नाकाबन्दीको प्रहारले आहत हाम्रो अस्तव्यस्त दैनिकी छ। महसुल तिर्ने क्षमता भएकाहरूले आवश्यकताभन्दा बढी विद्युत उपभोग गर्ने हुनाले समग्र देशमा लोडसेडिङको भार थपिँदै जान्छ। अहिले मामाको धन फुपूको श्राद्ध भनेझैं हरेक कुराको दुरुपयोग भैरहेको छ। सरकारी गाडीको दुरुपयोगका समाचारहरू खुबै आउछन तर सरकारी कार्यालय र आवासहरूमा विद्युत दुरुपयोगको कुनै लेखाजोखा हुँदैन। रित्ता कोठाहरूमा बत्ती बाल्नु त सामान्य कुरा हो, बढी विद्युत खपत गर्ने उपकरणहरूमा पनि कुनै नियन्त्रण छैन। आफ्नो स्वास्थ्यमा पर्ने प्रतिकूल असरको समेत ख्यालै नगरी बन्द कोठामा रातभर हिटर बालेर सुत्नाले पनि थप समस्या सिर्जना हुदैछ। क्षमता हुनेहरूले अत्यावश्यकीय वस्तुको दुरुपयोग गरिरहेका छन भने त्यसको अभाव सबैमा परिरहेको छ। यसबाट सर्वसाधारण र विपन्न वर्ग सवैभन्दा बढी मारमा पर्ने गरेका छन। अहिले सर्वसाधारण नागरिकसंग ष्विैकल्पिक उपाय छैन। सक्नेले अनावश्यक रूपमा विद्युत खर्च गर्दा नसक्नेहरूका चिसा रात अँध्यारा बनिरहेका छन। तर पनि हामीले आफ्नो दैनिक जीवनमा मितव्ययिता अपनाउन खोजीरहेका छैनौं। आज समपन्न नेपालीहरुका डस्टबिन खानेकुराले भरिएको छन भने कैयौं नेपालीका थाली अभावले रित्तिएका छन्। अझ विडम्बनाको कुरा त हाम्रो समाजमा खाना खाँदा भागमा भएको सबै खाए खानै नपाएको भन्लान् भन्ने डर पनि छ। हामीले हरेक कुरामा आफूलाई अरूभन्दा उच्च तहको देखाउन आफ्ना स्रोतसाधनको दुरुपयोग पनि गरिरहेका हुन्छौं। कुनै पनि काम योजनावद्ध गर्न सकिरहेका छैनौं। आफ्नो समयको बचत तथा सदुपयोग कसरी गरिरहेका छौं भनेर पनि समिक्षा गर्न तयार छैनौं। आज हामीकहाँ अरूका कुरा, त्यो पनि पछिल्लो पुस्ताका विचार सुनेर त्यसबाट प्रेरणा लिने व्यक्ति कमै देखिन्छन्। कुनै कुरा चित्त नबुझेर सम्झाउन खोज्यो भने परिवारमै पनि कत्ति न जान्नेसुन्ने भएको भन्दै हतोत्साही पारिन्छ। कसैले मितव्ययिताका कुरा गर्यो भने सकिन्छ त मेरै सम्पत्ति भन्ने धारणा पनि ब्यापक छ। यस्ता चिन्तनका विचबाट माथि उठेर वर्तमान संकटको निकास निकाल्न जरुरी छ र भविष्यमा पनि यस्ता संकटबाट टाढा रहने उपायको खोजी गर्नु पर्दछ। सानो कुरा भएपनि खाना बनाउनु अघि दिनभरका लागि के–के बनाउने हो, त्यसको पूर्वयोजना गर्ने, चुलो बाल्नुअघि नै पकाउने समान तयारी गर्ने, दाल, चामल तथा गेडागुडी राम्ररी भिजाउने, धाराको चिसो पानीभन्दा सोलार, हिटर अथवा भित्र राखेको तातो पानी प्रयोग गरेर खाना पकाउने, प्रेसर कुकर प्रयोग गर्दा सिटी बज्ने बेलामा आगो कम गरिदिने, राम्ररी सिटी नदिने अवस्थाको छ भने त्यसको माथि केही बेर दबाब दिएर सिटी लगाउने किनकि हावा बाहिर गैरहे खाना पाक्न समय र इन्धन दुबै बढी लाग्छ। खाना पकाउने समय केवल भान्सामा मात्र केन्द्रित हुने, विद्युतीय चुलो वा हिटर प्रयोग गर्दा पनि आवश्यकता अनुसार पावर घटबढ गर्ने, पकाएको खाना हटकेसमा राख्ने, सम्भव भएसम्म सबैले एकैपटक खाना खाने, अचार-तरकारी आदि परिकार एकैपटक बनाएर राख्ने, इन्धन अभावका बेला परिकार घटाउने र सम्भव भएसम्म प्रेसर कुकर प्रयोग गर्ने गरे समय र इन्धन दुबैको बचत गर्न सकिन्छ। लोडसेडिङको तालिका त छँदैछ, त्यसमा पनि विद्युतीय चुलो र बढी पावरका हिटरका कारण लोड थाम्न नसकेर बेला–बेलामा बिजुली गैरहन्छ। यस्ता विषयमा पनि ध्यान दिदै आफ्नो क्षेत्रबाट पनि संकट समाधानका लागि केही योगदान गर्न सकिन्छ, यतातर्फ पनि ध्यान दिन जरुरी छ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल पौष ८ गते बुधबार, तदनुसार दिसाम्बर २३ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको त्रयोदशी तिथि ३१ घटि ४५ पला अर्थात रातिमा ७ बजेर ३४ मिनेटसम्म त्यसउप्रान्त चतुदर्शी तिथि लाग्नेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५३ मिनेटमा तुरुदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १२ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ।

**वृष** : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने।

**मिथुन** : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन।

**कर्कट** : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ।

**सिंह** : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ।

**कन्या** : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ।

**तुला** : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ।

**वृश्चिक** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ।

**धनु** : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला।

**मकर** : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ।

**कुम्भ** : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला।

**मीन** : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# जनकपुर प्रकरण, धर्म र राज्य



चूडामणि बस्नेत

विवाह पञ्चमीका अवसरमा सम्पन्न राष्ट्रपति विद्यादेवी भण्डारीको जानकी मन्दिर भ्रमण र पूजा दुवै विवादमा परेका छन्। राष्ट्रपतिको संस्था यस्ता विवादमा तानिनु पक्कै पनि राम्रो होइन।

मधेस आन्दोलनका समर्थक र आलोचक दुवैले उक्त घटनालाई केवल मधेस आन्दोलनसँग मात्र जोडेर आफ्ना तर्क पेश गर्ने गरेका छन्। तर, उक्त विषय मधेस आन्दोलनको साँघुरो घेरामा मात्र सिमित छैन। नेपाली राज्यको स्वरूप, धर्म निरपेक्षता र राष्ट्रपति पदको जारी संस्थागत प्रक्रिया र अभ्याससँग उत्तिकै सरोकार राख्ने विषय हो राष्ट्रपतिको भ्रमण।

जनकपुर घटनाले धर्म र राज्य बिचको सम्बन्धमा जटिलता मात्र उजागार गर्दैन। अबका दिनमा यस्ता विवाद धेरै बढ्न सक्ने संकेत पनि गर्छ। नेपाली राज्यका धार्मिक अभ्यास, संवैधानिक व्यवस्था र राजनीतिक संस्कृति हेर्ने हो भने हामीसँग प्रश्नका चाङ हुनेछन्। उत्तर र समाधान अत्यन्तै जटिल।

पहिला राष्ट्रपति भण्डारीको जनकपुर भ्रमणलाइ हेरौं। भ्रमणका विरोधीले राष्ट्रपतिलाई विभिन्न प्रकारका आरोप लगाएका छन्। एमाले नेतृका रुपमा मधेस आन्दोलन विरोधी रहेकाले 'मधेसले उनलाई राष्ट्रपतिका रुपमा स्वीकार नगरेको,' र 'नास्तिक कम्युनिष्ट' राष्ट्रपतिको भ्रमण आस्थाका कारण नभई मधेस 'आन्दोलन जिस्क्याउन वा यसको नाडी छाम्न'का निम्ति भएको तर्क एक थरीको छ। अर्का थरीले चाहीं भण्डारीको सुरक्षामा खटिएका सेनाले जुत्ता लगाएर मन्दिर प्रवेश गरेको, कुकुरलाई सुँघाईएको फूल अर्पण गरेको र जानकी प्रतिक बनेकी कन्याले राष्ट्रपतिलाई माला लगाएर धार्मिक परम्परामा खलल पुर्‍याएको आरोप लगाएका छन्।

सञ्चार जगतमा सबैभन्दा धेरै चर्चा भएको कुरा चाहीं विधवा महिलाले जानकी मन्दिर प्रवेश गरी परम्परा मिचेर पूजा गरेकाले मधेसी जनताको धार्मिक आस्थामा चोट पुग्यो भन्ने हो। स्थानीय र राष्ट्रिय सञ्चार माध्यममा आन्दोलनकारीले जानकी मन्दिर चोख्याउन गङ्गाजल छर्केको समाचार प्रकाशित भयो।

जनकपुर घटना मार्फत 'पहाडी' शासकले जानजान मधेसी जनताको धार्मिक आस्थामा चोट पुर्‍याएको दावी मधेस आन्दोलनकारी र यसका समर्थकको देखिन्छ। विचारणीय पक्ष भनेको एकथरी आन्दोलनका समर्थक र आलोचकहरूलाई 'पहाडी' र 'मधेसी'ले मान्ने 'हिन्दू' धर्म फरक हुन् भन्ने सन्देश दिएर मधेसी र पहाडी समाजलाई झनै ध्रुविकृत गर्ने सुनौलो मौका मिलेजस्तो भएको छ। सुस्ताएको देखिने मधेस आन्दोलनलाई यो घटनासँगै फेरि तताउने प्रयास भएको छ।

उता, आलोचकले भने यो घटना राष्ट्रप्रमुखको मात्र अपमान नभई मधेस 'महिला विरोधी' समेत भएको प्रचार गर्दैछन्। अधिकारका नाममा भएको आन्दोलनले महिलालाई संगठित रुपमा नै अपमान गरेको उनीहरुको दाबी छ। दिशाहिन ओली सरकारलाई समेत जनकपुर घटनाले राष्ट्रको ध्यान अन्यत्रै मोड्ने एउटा अवसर दिएको छ। यी जनकपुर घटनाका तात्कालीक व्याख्या हुन्। यी व्याख्या हेर्दा घटनाले राजनीतिक रङ लिएको प्रष्ट हुन्छ। नेपाली राज्यको प्रकृति हेर्दा यस्ता राजनीतिकरण जनकपुरमा मात्र सिमित नहुने देखिन्छ। ओझेलमा पारेको जटिल विषय भनेको राजनीतिक परिवर्तन पश्चातको नेपालमा धर्म र राज्यबीचको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने पनि हो। यसले गणतन्त्रको घोषणापश्चात संस्थागत हुँदै गएको राष्ट्रपतिको व्यवस्थासँग सीधा सरोकार राख्छ।

नेपालको संविधानले राष्ट्रपतिलाई 'राष्ट्रिय एकता' को प्रवर्द्धन गर्नुपर्ने दायित्व दिएको छ। तर हामीले खडा गरेको राष्ट्रपतिको संस्थाले राष्ट्रिय एकताको प्रवर्धन गर्ने सजिलो उपाय भने राजसंस्थाबाट नै सिकेको पाइन्छ। हिन्दू र बौद्ध धार्मिक परम्पराका खास अवसरमा नेपालका 'हिन्दु' राजाले निर्वाह गर्ने गरेको परम्परागत भूमिकालाई ख्याल गरेर नै होला पहिलो राष्ट्रपति रामवरण यादवले हिन्दु राजाको विरासतलाई निरन्तरता दिने प्रयास गरे। यही धार्मिक परम्परामा आफूले भूमिका खेल्नु पर्ने ठानेर होला कम्युनिष्ट दर्शनबाट प्रशिक्षित वर्तमान राष्ट्रपतिले 'ईश्वरको नाममा' सपथ ग्रहण गरिन्। तर परम्परागत रूपमा एकथरीले 'अलौकिक' मान्ने गरेका राजसंस्था र 'सांसारिक' राष्ट्रपति संस्था सममूल्यका हुन् कि होइनन् भन्ने प्रश्न आउन सक्छ। यसको जवाफ जटिल हुन सक्छ। यो धार्मिक आस्थाको विषय भएकोले सममूल्यको सिद्धान्तलाई सबै सरोकारवालाले सहजै स्वीकार नगर्लान्। यसो हो भने राष्ट्रपतिको संस्था विवादको घेरामा पर्दै जाने निश्चित छ।

उसो त वर्तमान संविधानमा धर्म सम्बन्धि व्यवस्था नै विवादास्पद छ। नेपाललाई धर्मनिरपेक्ष भनिसकेपछि फेरि 'स्पष्टिकरण' थपिएको छ। सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षण र स्वतन्त्रताको संरक्षण राज्यले गर्नेछ। यस प्रावधानले धर्मनिरपेक्षताको धारणालाई कमजोर बनाउने मात्र होइन। यस प्रावधानका कारण परम्परागत जातिय, लैङ्गिक र अन्य विभेदलाई समेत संरक्षण दिनुपर्ने हुनसक्छ। यस्तो अवस्थामा संविधानले परिकल्पना र ग्यारन्टी गरेको अन्य समानताको हक र अधिकारलाई समेत कमजोर हुन्छन्। नेपालमा २००७ सालको अन्तरिम संविधान र त्यसपछि बनेका प्रत्येक संविधानमा यस्ता प्रावधानले स्थान पाएका छन्। स्मरण रहोस् यस्ता संवैधानिक प्रवधानका कारण दलितले भोग्दै आएको विभेदका विषयमा कानूनी र संवैधानिक अन्योलता एवम् जटिलता खडा हुँदै आएका छन्।

उदाहरणका लागि जानकी मन्दिरमा विधवा महिलाले पूजा गर्न पाउने वा नपाउने प्रचलनबारे विरोधाभासयुक्त अभिव्यक्ति आएका छन्। मन्दिर व्यवस्थापनले वा यसक्षेत्रका विशेषज्ञले यस सम्बन्धमा औपचारिक रूपमा बोलेका छैनन्। महिला प्रति व्यापक विभेद हुने नेपालको वास्तविकता हेर्दा जानकी मन्दिर वा देशका अनेक मठ-मन्दिरमा यस्ता परम्परा भेटिएमा अचम्म मान्नु पर्दैन। नेपालमा रहेका विभिन्न समुदायका 'गौरवशाली' परम्पराहरूमा लैङ्गिक र जातीय विभेद संस्थागत रूपले अभ्यास हुँदै आएका छन्। यो कुनै मधेसी वा अर्को कुनै अमूर्त जातिको मात्र समस्या होइन्।

यदि जानकी मन्दिरमा विधवा महिलाले पूजा गर्न नपाउने परम्परा रहेछ भने यसलाई वर्तमान संविधानको धार्मिक व्यवस्थालाई जोडेर हेरौँ। जानकी मन्दिर र मधेसीले सनातनदेखि चलिआएको परम्परालाई मान्न पाउने कि नपाउने? जानकी मन्दिरमा गङ्गाजल छर्केको समाचारले हामी किन अचम्मित भयौं त?

यसको अर्को पाटो पनि छ। समाचार अनुसार राष्ट्रपति भण्डारीलाई विवाह महोत्सव मूल आयोजक समिति र जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले 'निम्तो' नै गरेका थिएनन्। एकछिनलाई राष्ट्रपतिको पूजामा मन्दिरका महन्थ र पूजारी सामेल भएको प्रसङ्ग बिर्सने हो भने निम्तोबिना राष्ट्रपतिले मन्दिरमा 'विषेश पूजा' गर्न पाउने कि नपाउने भन्ने प्रश्न आउँछ। कसैकसैले त राष्ट्रपतिले अधिकारको दुरुपयोग गरेको भन्ने पनि अर्थ लगाउलान्।

नेपालको ऐतिहासिक हिन्दू राजतन्त्रात्मक परम्परामा धर्मभन्दा राज्य बलियो वा श्रेष्ठ देखिन्छन्। राजनीति परिवर्तन भएको वर्तमान अवस्थमा धार्मिक वा सांसारिक संस्थामध्ये कसको शक्ति प्रधान हुन्छ? यसको बहस जरुरी हुन्छ खासगरी धर्म निरपेक्ष सम्वन्धी विवादास्पद संवैधानिक प्रावधान ख्याल गर्ने हो भने। राज्य र धार्मिक संस्था र परम्पराबीच यसले समस्या सिर्जना गर्नेछ। अर्कोतर्फ, यदि राष्ट्रपतिको संस्थालाई पूर्वराजा झैं 'धार्मिक' भूमिकामा सकृय गराएर 'राष्ट्रिय एकता' कायम गर्ने संवैधानिक कर्तब्य पूरा गराउने प्रयास गरिएको हो भने नेपालमा 'धर्मनिरपेक्षता' नै विवादमा पर्ने देखिन्छ। सैधान्तिक रुपमा धेरै राष्ट्रले धर्मनिरपेक्षता अनुसरण गर्दै आएका छन्। तर यसलाई व्यवहारमा बदल्नु निकै चुनौतिपूर्ण र अन्यौलपूर्ण हुन्छ। हालैका वर्षहरूमा काठमाडौंका नेवार समुदायले मान्ने पर्व व्यवस्थापन र पशुपति मन्दिरको पूजारीको विषयमा ठूला विवाद भइसकेका छन्। यी विषयलाई सम्बोधन गर्न नयाँ ढङ्गबाट सोच्ने बेला भइसकेको छ। यस्ता जटिलतालाई ध्यान दिँदै राष्ट्रपतिको नयाँ भूमिका खोजिनु पर्छ। मुस्लिम वा दलित राष्ट्रपति पदमा निर्वाचित भए राष्ट्रपतिको संस्थाको भूमिका के होला? मुलुक एकै पटक ठूलो विवादमा फस्ने देखिन्छ। धर्म-संस्कृति र स्वतन्त्रताको संरक्षण राज्यले गर्नुपर्ने संवैधानिक व्यवस्थाको साहरा लिँदै लैङ्गिक र जातिय विभेद जारी राख्न धार्मिक संस्थाले पाउँछन् कि पाउँदैनन्? राष्ट्रपतिको संस्थाले सकृय धार्मिक भूमिका खोज्नु भनेको धर्म, राज्य र राष्ट्रपतिको पदको संस्थालाई विवादित बनाउनु हो।

जनकपुर घटना मधेस आन्दोलनको आँधीबेहरीमा मात्र सिर्जना भएको हो भनेर बुझ्नु गलत हुनेछ। राष्ट्रपतिको संस्थाले आफूलाई धार्मिक भूमिकाबाट सकेसम्म टाढा राख्नु नै श्रेयस्कर हुन्छ। राष्ट्रपतिको पद संस्थागत गर्ने क्रममा 'नवीन परम्परा'को निर्माण हुँदै गरेको समय हो यो। स्थापित हुँदै जाने औपचारिक र अनौपचारिक अभ्यासले राष्ट्रपतिको संस्थाको गरिमा निर्भर गर्छ र भावी राष्ट्रपतिहरूलाई मार्गनिर्देशन समेत गर्नेछ।

*(लेखक नयाँ दिल्ली स्थित साउथ एसियन युनीभर्सिटीको समाजशास्त्र विभागका असिस्टेन्ट प्रोफेसरका हुन।)*

## कांग्रेसमा...

स्वाभाविक पनि हो। यति हुँदहुँदै पनि उनीहरू संस्थापनबाट विद्रोह गरेर बाहिर जान नसक्ने आफ्नै खाले परम्परा र बाध्यताबाट बाँधिएका छन्। यसअघि नै सुजाताको बैचैनी मत्थर पार्न सभापति कोइरालाले संसदीय बोर्डको सदस्य बनाएनन् मात्र, सार्क सम्मेलनका बेला 'फर्स्ट लेडी'का रूपमा अघि सारेको कान्तिपुर अनलाइनले लेखेको छ। शेखरले भने केन्द्रीय सदस्य पदभन्दा अरू हिसाबले राजनीतिक अभ्यास गर्ने मौका पाएका छैनन्। कांग्रेसभित्र पदीय आकांक्षा राख्नेहरूको सूची छिमल्दै जाने हो भने त्यहाँ पार्टीको आन्तरिक जीवनमा पुर्‍याएको योगदान, भूमिकाभन्दा बढी शक्ति सन्तुलन र नेतृत्वको सामीप्यका कारण नेताहरूमा लोभ सिर्जना हुँदै गएको प्रस्ट छ।

कुनै नेता संस्थापन या अर्को गुटसँग नजिक-टाढा हुने या नयाँ समूह सिर्जना गर्नेतिर लाग्नु यसैको परिणाम हो। 'एउटा ठूलो प्रजातान्त्रिक पार्टीमा यस्ता प्रक्रिया स्वाभाविक पनि हुन्,' संगठन विभाग प्रमुख ढुंगाना भन्छन्, 'मूल्यांकनको परिपाटी परिष्कृत गर्नुपर्छ भन्ने कुरासँग भने सहमत हुन सकिन्छ।'

पछिल्ला दिनमा सभापति कोइराला प्रधानमन्त्री हुँदा उनलाई नजिकबाट सघाउने नरहरि आचार्य, महेश आचार्य, बाहिरै बसेर पनि सघाउने पार्टी प्रवक्ता दिलेन्द्र बडू र दिलबहादुर घर्तीजस्ता नेतामा पनि अबको महाधिवेशनमा राम्रो स्थान पाइयोस् भन्ने राम्रै तिर्सना जागेको छ। 'तर, सबैभन्दा नजिकको सहयोगी हुनुको बेफाइदा के हो भने आफूले मानेको नेताले चुप लाग्नुहोस् भन्दा मौन बस्नुपर्ने अवस्था हुन्छ,' कांग्रेसका एक प्रभावशाली नेता भन्छन्, 'क्षमता हुँदाहुँदै पनि यसरी शिखण्डीमा सीमित भएका नेताहरूको सूची लामै छ।'

अर्कोतिर पार्टी सरकारमा जाँदा निरन्तर रूपमा त्यो अवसरको फाइदा लिइरहेका कतिपय नेताले पार्टीभित्र आफ्नो सम्भावना र पहुँचको अभ्यास गर्नु त्यति अनौठो रहेन। जस्तो २०४६ को परिवर्तनपछि कांग्रेसले बनाएका सरकारमध्ये एउटा छाडेर सबैमा अर्थमन्त्रीको कार्यभार सम्हालेका रामशरण महत यसपटक आफूले महामन्त्री या उपसभापतिमध्ये एक पद पाउनुपर्ने भन्दै पार्टीभित्र 'लबिङ' गरिरहेका छन्। उनीनिकट स्रोतका अनुसार यदि पार्टी पदाधिकारीमा आफ्नो स्थान सुरक्षित हुन सकेन भने कांग्रेसले आफूलाई अबको प्रधानमन्त्रीका रूपमा अघि सारिदियोस् भन्ने चाहना महतको छ। उनी पार्टीको संस्थापनमै रहेका छन् र रहने देखिन्छन्।

राजनीतिमा अवसरले सबैभन्दा महत्त्वपूर्ण अर्थ राख्छ। तर, कांग्रेसभित्र अवसरलाई दुरुपयोग गरेर पनि पुनः अवसर सिर्जना गर्ने उदाहरण नभएका होइनन्। खास गरी भागबन्डाको राजनीतिका कारण यस्तो गलत प्रवृत्ति पार्टीभित्र मौलाइरहेको छ। अघिल्लो महाधिवेशनमा संस्थापनलाई सघाएका केन्द्रीय सदस्य अर्जुनन रसिंह केसी यसपटक पदाधिकारी बन्नका लागि रामचन्द्र पौडेलको उदाउने भनिएको नयाँ समूहदेखि नेता देउवा पक्षको ढोका ढकढकाउँदै छन्। पार्टी विभाजनपछि सह-महामन्त्री र पार्टी प्रवक्ताबाहेक पदाधिकारीका रूपमा खास अनुभव नबटुलेका केसी पछिल्ला दिनमा सभापति कोइरालाले 'कर्नर'मा राखेका नेता हुन्। अवसरको खोजीमा कांग्रेसबाट पञ्चायतमा समेत प्रवेश गरेका र त्यहाँ खाईखेली गरेर ०४६ पछि पुनः कांग्रेस फर्केका केसी गत संविधानसभा निर्वाचनका बेला बनाइएको संसदीय बोर्डमा सदस्य थिए। खासमा उपसभापति रामचन्द्र पौडेलको सहयोगमा उनी बोर्ड सदस्य बनेका थिए। जहिल्यै अवसरको ताकमा रहने उनी अहिले संस्थापनले महामन्त्री पद नदिने संकेत पाएपछि देउवा पक्षले उक्त पदमा उम्मेदवारी ग्यारेन्टी गरिदियोस् भन्ने चाहन्छन्। तर, देउवा खेमामा रहेका सहमहामन्त्री पूर्णबहादुर खड्काले स्वाभाविक रूपमा महामन्त्रीको उम्मेदवारी आफूले पाउनुपर्ने दाबी गरिरहेका छन्।

सहमहामन्त्री खड्काले सभापति कोइरालाले दलहरूबीच भएको भद्र सहमति तोडेर प्रधानमन्त्री पदमा पुनः उम्मेदवारी दिएपछि आफ्नो पदबाट राजीनामा गरेका थिए। राजीनामा स्वीकृत भएको छैन तर उनको राजीनामा प्रकरणलाई आसन्न महाधिवेशनका लागि रणनीतिक कदमका रूपमा पनि लिइन्छ। उनी स्वयंले यो कुरा नस्वीकारे पनि नेता विमलेन्द्र निधिको देउवा पक्षबाट भएको बहिर्गमनमा खड्काको रणनीति ठान्नेहरू पनि त्यत्तिकै छन्।

पार्टीभित्र जेजस्ता खिचडी पाके पनि देशकै सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसको महाधिवेशनप्रति पार्टीइतरको पनि उत्तिकै चासो छ। कांग्रेसले छान्ने नयाँ नेतृत्व, पदाधिकारी र केन्द्रीय समितिको प्रभाव जुनसुकै रूपमा पनि राष्ट्रिय राजनीतिमा पर्छ। त्यसका आयामहरू सबैतिर जोडिन पुग्छन्। त्यसैले कांग्रेसभित्रको पदीय र शक्ति संघर्षको बैठान कसरी होला, त्यो छिनोफानो हुन अब तीन महिना पनि छैन।

**युवा कता ?**

नेपाली कांग्रेसभित्र प्रभावशाली युवाहरूले यथोचित स्थान पाउन नसकेको उहिल्यैदेखि हो। यससँगै आसन्न महाधिवेशनमा केन्द्रीय सदस्य गगन थापा, विश्वप्रकाश शर्मा, धनराज गुरुङ, गुरु घिमिरे र प्रदीप पौडेलको स्थान कहाँ रहला भन्ने चासो सबैलाई छ।

१२औं महाधिवेशनमा सबैभन्दा बढी मत पाएर केन्द्रीय सदस्य निर्वाचित भएका थापाले यसपटक मौन रहेर नै पदाधिकारी पदका लागि वातावरण बनाउने रणनीति लिएका छन्। थापा संस्थापन या देउवामध्ये कुन पक्षमा लाग्ने भन्ने पनि टुंगो भइसकेको छैन। सँगसँगै उनी कांग्रेस नेतृत्व परिवर्तन हुनुपर्ने र पार्टीले गतिशीलता पाउनुपर्ने भन्दै सभापतिमा उम्मेदवारी घोषणा गरेका नेता रामचन्द्र पौडेलको समीपमा पनि पुगेका छन्।

विधान संशोधन भएर सहमहामन्त्री पद थपिएको खण्डमा नेता थापाको चाहना यही पदमा देखिने छ। अर्को कुरा, ससुरा अर्जुननरसिंह केसीको महामन्त्री बन्ने महत्त्वाकांक्षा थापाका लागि पदाधिकारी बन्ने अवसरमा तगारो नबन्ला भन्न पनि सकिँदैन। त्यसै गरी, पछिल्लोपटक महामन्त्री कृष्ण सिटौलाको कोपभाजनमा परेर केन्द्रीय सदस्य मनोनीत हुन नसकेका विश्वप्रकाश शर्माको पनि पछिल्ला दिनमा संस्थापन र शेरबहादुर देउवा पक्ष दुवैतिर उत्तिकै राम्रो सम्बन्ध छ। कुशल वक्ताका अलावा लेखपढ गर्ने नेताका रूपमा परिचित शर्मा यसपटक निर्वाचित केन्द्रीय सदस्यका रूपमा पार्टी मुख्यालय प्रवेश गर्न चाहन्छन्।

धनराज गुरुङ, गुरु घिमिरे र प्रदीप पौडेलको हुटहुटी पनि शर्माको जस्तै कम्तीमा पनि निर्वाचित केन्द्रीय सदस्य हुनेछ। पार्टीभित्र सुजाता कोइरालानिकट मानिने घिमिरे र संस्थापनसँग नजिक मानिने नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष पौडेल मनोनीत केन्द्रीय सदस्य हुन्। १२औं महाधिवेशनमा संस्थापनलाई सघाएका गुरुङ पार्टीका तर्फबाट समानुपातिक सांसद छन्।

## कार्यशाला सम्पन्न

**पोखरा ७ पुस।**

नमस्ते सामुदायिक प्रतिष्ठान पोखरा-६ जरेबरका स्याहारकर्ताहरुलाई बालअधिकार र असल अभिभावकत्व सम्बन्धी प्रतिष्ठानले आयोजना गरेको तीन दिने कार्याशाला मंगलबार समापन भएको छ। स्याहारकर्ताहरुलाई बाल अधिकारको बारेमा बोध गराउने साथै अभिभावकत्व सीप अभिवृद्धि गरि प्रतिष्ठानले बालबालिकाहरुलाई प्रदान गर्ने सेवामा गुणस्तर वृद्धि गर्ने उदेश्यले कार्यक्रमको आयोजना गरिएको सम्बन्धमा प्रतिष्ठानका म्यानेजर मानसिं चौधरीले जानकारी गराए। ११ जना स्याहारकर्ताहरु सहभागी भएको उक्त कार्याशालाको प्रशिक्षण बालअधिकार कर्मी भक्तराज रसाइलीले गरेका थिए। कार्यशालामा बालअधिकार, बाल मनोविज्ञान, व्यवहार परिवर्तन, असल अभिभावकत्व सीप तथा कला जस्ता विषयबस्तुहरुमाथी छलफल तथा अभ्यास गरिएको थियो। कार्याशाला समापन पश्चात सहभागीहरुले कार्याशाला पूर्व बालबालिकाहरुलाई सोच्ने दृष्टिकोण र कार्याशाला पश्चात सोच्ने दृष्टिकोण फरक आएको र कार्याशालमा सिकेका हरेक सीप र कलालाई बालअधिकार संरक्षणको लागि कार्यक्षेत्रमा प्रयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। तालिमको व्यवस्थापनमा प्रतिष्ठानका कार्यक्रम इन्चार्ज दीपक पुरीले सहयोग गरेका थिए।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np



**प्रधान सम्पादक सम्मानित** : गोल्डेन न्यूज दैनिकका प्रधान सम्पादक, राष्ट्रिय समाचार समितिका सञ्चालक एवं नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय उपसभापति गंगाधर पराजुलीलाई अमेरिकाको न्यूयोर्कमा आयोजित एक कार्यक्रममा सम्मान गरिएको छ। अमेरिकाको पाँच हप्ते लामो भ्रमणको कार्यक्रममा न्यूयोर्क पुगेका पराजुलीलाई सम्मान गरिएको हो। नेपालका परिचित गायक यम बरालले पराजुलीलाई खादा ओढाएर सम्मान गरेका थिए। सो समारोहमा अमेरिकामा रहेका नेपालीहरुको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रमको संयोजन न्युयोर्कमा रहेका नेपाली पत्रकार तथा पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य दिवाकर वागचन्दले गरेका थिए। सो अवसरमा व्यवसायी शंकर लामा, भुवन राईले पनि पत्रकार पराजुलीलाई चौतारीका तर्फबाट सम्मान गरेका थिए। पराजुलीको सम्मानमा यम बरालले बिविध सांस्कृतिक कोशेली प्रस्तुत गरेका थिए। कार्यक्रममा पुष्पराज पराजुलीलाई पनि सम्मान गरिएको थियो। तस्वीर : फेसबुकबाट

# विलासी सुविधा नदिन राप्रपा नेपाललाई स्मरणपत्र

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**

नेपाल सरकारले पूर्व राष्ट्रप्रमुख र उच्च पदाधिकारीहरुलाई आजीवन सुविधा दिने सरकारी तयारीप्रति पोखराका नागरिक समाज, स्वतन्त्र पत्रकार संघ नेपाल, सचेतना समाजले राप्रपा नेपाल कास्कीमार्फत उपप्रधान मन्त्री तथा परराष्ट्रमन्त्री कमल थापालाई पठाएको स्मरण पत्रलाई कार्यान्वयनका लागि उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री समक्ष जोडदार समर्थनका साथ सोमवार स्मरणपत्र पठाएको छ। स्मरणपत्रमाथि पार्टीको धारणा राख्दै केन्द्रीय सदस्य तथा अञ्चल संयोजक रमेश बहादुर भट्टराईले भुकम्प र नाकाबन्दीले नेपालको अर्थतन्त्रलाई थलोथलो पारेको अवस्थामा वार्षिक करीब ३ अर्ब रुपैयाँ पूर्व राजनीतिक नेताहरुलाई सेवा सुविधामा राज्यको कोषबाट खर्च गर्नु दुर्भाग्यपूर्ण भएके बताउँदै सो रकमले वार्षिक ४० मेगावाट विद्युत उत्पादन हुन सक्ने बताए। सो अवसरमा जिल्ला अध्यक्ष जयलाल पुनले तपाइहरुले उठाएको विषय सबै नेपालीहरुको साझा विषय भएको बताउँदै गरिब देशका गरिब जनताले तिरेको करबाट संकलन गरेको रकम राजनीतिको नाममा सुविधा लिनु भनेको अपराध भएकोले यो कुरा कुनै पनि हालतमा लागू गर्न नदिन प्रतिवद्धता व्यक्त गरे।

यसैबीच उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री कमल थापाको यही पुस ८ गतेदेखि हुन गइरहेको चीन भ्रमणका अवसरमा राप्रपा नेपाल कास्की जिल्ला तथा गण्डकी अञ्चल समन्वय समितिको तर्फबाट चीनसँग हुने सम्भावित व्यापार तथा नाका खोल्ने सन्धी सम्झौता एवम् सरकारको सहयोगमा निर्माण हुने विकास निर्माणका सवालमा जनसरोकारका विषयलाई समेट्न माग गरिएको छ। उपप्रधान तथा परराष्ट्र मन्त्रीलाई पठाइएको राप्रपा नेपाल कास्की तथा गण्डकी अञ्चलको तर्फबाट अञ्चल संयोजक रमेश बहादुर भट्टराई एवं जिल्ला अध्यक्ष जयलाल पुनद्वारा हस्ताक्षरित प्रस्तावपत्रमा जनसरोकारका विषयहरुलाई समेट्न माग गरिएको छ। प्रस्तावपत्रमा कोराला जोमसोम नाका खोली विस्तार गर्ने, मुस्ताङ पोखरा राजमार्ग विस्तार गर्ने, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल शीघ्र संचालन गर्ने, पोखरा काठमाडौं रेलमार्ग निर्माण गर्ने र पोखरा शहरलाई स्मार्ट सिटी बनाउन चीन सरकारसँग अनुरोध गर्ने लगायतका प्रस्तावहरु रहेको गण्डकी अञ्चल सचिव सूर्य बाँस्तोलाले जानकारी दिए।

# मानव अधिकार निगरानी समूहलाई तालिम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रिय कार्यालय पोखराद्वारा स्थानीय समुदायको शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका लागि जिम्मेवार निकायलाइ जवाफदेही बनाउनका लागि पहल (जिनिस) कार्यक्रम अन्तर्गत स्थानीय समुदायमा गठन गरिएको मानव अधिकार निगरानी समूहका पदाधिकारीहरुलाई तीन दिने तालिम सञ्चालन गरिएको छ। मानव अधिकार निगरानी समूहका पदाधिकारीहरुलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार बिषयमा दिइने तालिमको कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले उद्घाटन गरेका थिए। कार्यक्ममा निगरानी समूहको आवश्यकता र औचित्य, तथा काम कर्तब्य र अधिकारका बिषयमा इन्सेक क्षेत्रीय संयोजक शिब खकुरेल, स्थानीय स्वायत्त शाशन ऐन २०५५ र यसको कार्यान्वयनको अबस्थाबारे स्थानीय विकास अधिकारी रामचन्द्र तिवारी, नेपाल सरकारको नीति र जनस्वास्थ्य कार्यालयको भूमिका बिषयमा जिल्ला जनस्वास्थ्य अधिकृत बोधराज सुबेदी, सरकारको शिक्षा नीति तथा शिक्षा कार्यालयको भूमिकाबारे सहायक जिल्ला शिक्षा अधिकारी दिपेन्द्र ढकाल, कृषि सम्बन्धी नीति तथा कार्यकमबारे वरिष्ठ जिल्ला कृषि विकास अधिकृत रमेशप्रसाद कोइराला र अधिकारमुखी अवधारणा र आर्थिक सामाजिक अधिकारबारे इन्सेक अभिलेख अधिकृत टंक खनाल र नेपालको संविधान र नागरीकका मौलीक अधिकारबारे शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्की संयोजक सरला कुमारी पाण्डेले सहजीकरण गर्ने कार्यकम रहेको तालिम कार्यकम संयोजक सवनव शर्माले बताइन।

तालिममा जिल्ला तथा बिभिन्न गाबिसका मानव अधिकार निगरानी समूहका पदाधिकारीहरुको सहभागिता रहेको छ ।

# रजतजयन्तीको तयारीमा कालिका बहुमुखी क्याम्पस

**पोखरा ७ पुस ।(गोल्डेन)**

पोखरा-१८ काजिपोखरीमा रहेको कालिका बहुमुखी क्याम्पसले विविध कार्यक्रम गर्दै रजत जयन्ती मनाउने भएको छ। मंगलबार आयोजित पत्रकार सम्मेलनमा क्याम्पस प्रमुख बालाकृष्ण शर्माले २४ वर्ष सफलता पूर्वक पारसकेको अवसरमा २५ औं वर्षको विविध कार्यक्रम सार्वजानिक गरे। क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष सन्तबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा रजत जयन्ती मनाउन सञ्चालक समितिका अध्यक्ष सुर्यबहादुर के.सी.को अध्यक्षतामा १ हजार १ सदस्य मुल आयोजक समिति र अन्य १७ वटा विभिन्न उपसमितिहरु गठन गरिएको जानकारी दिइयो। रजत जयन्तीको अवसरमा क्याम्पस परिसर सरसफाइ तथा मर्मत सम्हार सकिएको जानकारी दिँदै निवन्ध प्रतियोगिता, भलिवल, टेवल टेनिस, ब्याटमिन्टन, लङजम्प प्रतियोगिता गर्ने तयारी भईरहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो। रजत महोत्सव सुभारम्भको पूर्वसन्ध्यामा क्याम्पसले पुस ११ शनिवार विहान ८ वजे प्रभातफेरी कार्यक्रम गर्ने भएको छ। रजत महोत्सवको अवसरमा क्याम्पसले खुल्ला रक्तदान, बृक्षरोपण, स्मारिका प्रकाशन, सिनेटर अभिबृद्धि तथा अक्षयकोष स्थापना, नेगी पुस्तकालयको समुद्घाटन जस्ता रचनात्मक कार्यगर्ने क्याम्पसले जनाएको छ। मुल समितिको अतिरिक्त रजत जयन्ती भव्य रुपमा सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरीएको प्रचार उपसमितिका संयोजक एवं प्राध्यापक संघका कावा सभापति रवीन्द्र बाँस्तोलाले जानकारी दिए।

# घरदैलो अभियान

**पोखरा ७ पुस ।**

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा केन्द्र पोखरा-१, वगर र बालश्रमिक सेन्टर नयाँगल्लीको संयुक्त आयोजनामा बालश्रम न्यूनिकरण सम्बन्धी घरदैलो कार्यक्रम मंगलवार सम्पन्न भएको छ। पोखराको केआइसिंहपुल देखि नदीपुरको बालमन्दिर विद्यालयसम्म बालश्रमिकको रुपमा रहेका बालबालिकाहरुलाई सेन्टरमा पठाउन आग्रह गर्दै पर्चा पम्प्लेट वितरण गरिएको केन्द्रकी अध्यक्ष जीवन अधिकारीले जानकारी दिए। वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक मोहन बहादुर खाँडले यस प्रकारको अभियानले घरयासी काममा राखिएको श्रमिक बालबालिकाहरुलाई अध्यापनमा लगाउन सहयोग पुग्ने बताए। अभियानमा टोल विकास समन्वय संस्थाका अध्यक्ष चन्द्र बहादुर गुरुङ, नमुना आमा समूह, शंकर टोल आमा समूह, सहारा आमा समुह लगायतको सहभागिता रहेको थियो।

# कांग्रेसलेमात्र....

*कर्मीलाई स्वदेशी तथा विदेशी सेवाग्राहीलाई पहिचान दिन आग्रह गरे। कार्यक्रममा नेपाल नाई संघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष लालबाबु ठाकुरले नाई पेशा सोचे जस्तो सहज नरहेको भन्दै जटिल पेशालाई प्रशिक्षण र पार्टीको साथ आवश्यक रहेको बताए। कार्यक्रममा नाई संघका जिल्ला अध्यक्ष विगुलाल ठाकुर, नेपाल ट्रेड युनियन काँग्रेस कास्कीका संगठन विभाग प्रमुख जितबहादुर गुरुङ लगायतले वोलेका थिए। करिव ६५ जना नाईहरुको सहभागिता रहेको उक्त प्रशिक्षण कार्यक्रममा लेखनाथ, हेम्जादेखि पोखरामा रहेका विभिन्न पेशाकर्मीहरु प्रशिक्षणमा रहेका थिए। कार्यक्रममा व्यक्तिगत जीवन र व्यवसायको सुरक्षा समेतमा प्रशिक्षण फलदायी भएको सहभागीहरुले बाताएका थिए।*

# बारको ५९ औं स्थापना दिवस



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**

पुनरावेदन बार पोखरा तथा कास्की जिल्ला बार एशोसिएशनले मङगलबार ५९औं नेपाल बार स्थापना दिवस संयुक्त कार्यकम गरी मनाएका छन। २०१३ सालमा सर्बोच्च अदालत ऐन तथा नियमावली लागू भएपछि सोही सालको पौष ७ गते बिधिवत रुपमा नेपाल वारको स्थापना भएको थियो। पुनाराबेदन अदालत बारका अध्यक्ष खगेन्द्रराज आचार्यको अध्यक्षतामा भएको कार्यकममा पुनराबेदन अदालतका मुख्य न्यायधीश डम्बर बहादुर शाहीले स्वतन्त्र न्यायपालिकाका लागि अभिन्न अङ्गको रुपमा नेपाल बार रहेको बताउँदै बार बेञ्च बिनाको न्यायपालिका अपाङ्ग जस्तै हुने हुदा न्यायपालिका र निष्पक्ष न्यायका लागि सबैको साथ र सहयोगको आबश्यक हुने बताए।

वरिष्ठ अधिवक्ता तिलक आचार्य, जिल्ला न्यायाधिश नागेन्द्रलाल कर्ण, बार काउन्सिलका पश्चिमाञ्चल पार्षद मोहननाथ कोइराला, पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायधिवक्ता गणेशबाबु अर्याल, बारका पूर्व अध्यक्ष रामप्रसाद घिमिरे, बार काउन्सिलका पूर्ब पार्षद हरि सुबेदी लगायतले बार स्थापनाको पृष्ठभूमि र नेपाल बारको अबस्थाबारे बोलेका थिए। जिल्ला तथा पुराबेदन अदालतका न्यायाधिशहरु, कानुन ब्यबसायी, रजिष्ट्रार, सह न्यायधिबक्ताहरु तथा कर्मचारीहरुको उल्लेख्य सहभागीता रहेको कार्यकममा कास्की जिल्ला बारका अध्यक्ष सोमबहादुर श्रेष्ठले स्वागत तथा पुनराबेदन बारका सचिव इन्द्र प्रसाद बरालको संचालनमा भएको थियो।

# शालिमार पोखरा महोत्सवको मुख्य प्रयोजक



**पोखरा ७ पुस ।(गोल्डेन)**

छैठौ पोखरा महोत्सवको मुख्य प्रायोजक नेपाल शालिमार सिमेन्टले गर्ने भएको छ। नेपाल शालिमार सिमेन्ट र महोत्सव आयोजक युनाइटेड क्लव पोखरा बीच अघिल्लो वर्षजस्तै यो वर्षपनि पोखरा महोत्सवको मुख्य प्रायोजकमा सहमती भएको हो।

मंगलबार नेपाल शालिमार सिमेन्ट गण्डकी धौलागिरी वितरक प्रमुख तथा सिजी हार्डवेयर एण्ड सप्लायर्सका सञ्चालक दिनेश प्रसाद चौधरी र युनाइटेड क्लव पोखराका अध्यक्ष हिमालय बखेल बीच महोत्सवको मुख्य प्रायोजकको सहमतिपत्रमा हस्ताक्षर गरिएको छ। उक्त अवसरमा वोल्दै नेपाल शालिमार सिमेन्ट गण्डकी धौलागिरी वितरक प्रमुख दिनेश प्रसाद चौधरीले स्वास्थ्य, शिक्षा, खेलकुदका साथै पोखराको पर्यटन प्रवर्द्धनमा चिडियाखाना निर्माणका लागि पहलकदमी अगाडि बढाउदै आएको युनाइटेड क्लव पोखरा संग नेपाल शालिमार सिमेन्टले अघिल्लो वर्षजस्तै पोखरा महोत्सवको मुख्य प्रयोजक बन्न पाउदा खुशी लागेको वताए। आफूहरुको प्रोडक्क नेपाल शालिमार सिमेन्टलाई पोखरा महोत्सवको माध्यामबाट आम उपभोक्ताहरु समक्ष पुर्‍याउनेमा आफूहरु आशावादी रहेको उनको भनाइ रहेको थियो।

कार्यक्रममा वोल्दै क्लवका अध्यक्ष हिमालय बखेलले अघिल्लो वर्ष जस्तै यो वर्षपनि पोखरा महोत्सवको मुख्य प्रायोजकमा नेपाल शालिमार सिमेन्ट संग सहकार्य गर्न पाउदा खुसी लागेको वताउदै शालिमार सिमेन्टसंगको सहकार्यले पोखरा महोत्सव सभ्य र भब्य हुने वताए। सिमेन्टलाई आफुहरुको तर्फबाट सक्दो सहयोग गर्ने समेत उनको प्रतिवद्धता रहेको थियो। पोखराको अमरसिंह चौरमा आगामी पुस ३० देखि माघ १० गते सम्म छैठौ पोखरा महोत्सव हुदैछ।

# बिटी कपमा संगम ए अघिल्लो चरणमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ७ पुस ।**

पोखराको पुरानो टुँडिखेलमा जारी १० औं बिटी कपमा मंगलवार सम्पन्न पहिलो खेलमा संगम ए ले ३-१ गोल अन्तरले नदीपुर एफ सीलाई पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको छ। प्रतियोगितामा संगमको तर्फबाट अञ्जन देवकोटाले दुई , विमल बस्नेतले एकगोल गरेका थिएभने नदीपुरको तर्फबाट सुजन बस्नेतले एक गोल गरेका थिए।

दोश्रो खेलमा द्वीप युनाइटेड एफ सी र रामबजार युथ क्ल्व बीच भएको खेल १-१ गोलको बरावरीमा टुङगिएपछि ट्राइबेकरमा दिप युनाइटेडले ३-२ गोल अन्तरगर्दै दिप युनाइटेड एफ सी अघिल्लो चरणमा प्रवेश गरेको छ। तेश्रो खेलमा रि युनाइटेड एफसीले अन्नपूर्ण एफसीलाई ३-० गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको छ। खेलमा रि युनाइटेडको तर्फबाट सुरेश गुरुङले दुइ र बिजय श्रेष्ठले एक गोल गरे। चौथो खेलमा मालेपाटन एफ सीले ३-२ गोल अन्तर बनाउदै एसीए/आइजीलाइ पराजित गर्‍यो। खेलमा मालेपाटनबाट सुदिप गुरुङ, बिमल गुरुङ र फोनस कार्कीले एक एक गोल गरे भने एसीए/आइजीको तर्फबाट तुलसी गुरुङले सान्त्वना स्वरुप दुई गोल गरे। पांचौ खेलमा पोखरा भ्याली स्पोर्टसले ट्राइबेकरमा ३-२ गोल गर्दे लामाचौर एफ सीलाई पराजित गरेको छ। मंगलवार सम्पन्न अन्तिम खेलमा बाझापाटन १३ बी १३ले ३-० गोल अन्तरले रेन्सी युनाइटेडलाई पराजित गरेको छ। प्रतियोगितामा बी १३ को तर्फबाट शिव सुवेदीले दुई र हरि गुरुङले एक गोल गरेका थिए।

पुस १० गतेसम्म सञ्चालन हुने प्रतियोगिताको चौथो दिन बुधवार एकता एफसी भर्सेस पोखरा भ्याली स्पोर्टस, बिटी ब्ल्यु भर्सेस विष्णुपादुका हेम्जा, एलजी एशोसिएशन भर्सेस शिसुवा, कुंडहर अन्नपूर्ण भर्सेस बी १३, नर्थ हर्न भर्सेस दिप युनाइटेड, काजीपोखरी एफ सी भर्सेस रि युनाइटेड र टुडिखेल एफ सी ए भर्सेस मालेपाटन एफसी बीच प्रतियोगिता हुने आयोकजले जनाएको छ।













सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा